आज मिति २०८१ श्रावण २४ गते दिन यस रास्कोट नगरपालिकाका नगर प्रमुख श्री धर्मराज शाही ज्यूको अध्यक्षतामा तथा तपशिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बैठक बसि तपशिलका प्रस्तावहरुमाथि छलफल गरी निर्णय गरियो।

**तपशिल:**

| पद | नाम थर | हस्ताक्षर |
|---|---|---|
| नगर प्रमुख | श्री धर्मराज शाही | |
| नगर उप प्रमुख | श्री मनिराज बराल | |
| वडा अध्यक्ष | श्री उदयराम आचार्य | |
| वडा अध्यक्ष | श्री धुर्वराज सिम्खडा | |
| वडा अध्यक्ष | श्री राजेन्द्रनाथ योगी | |
| वडा अध्यक्ष | श्री दिनेश संज्याल | |
| वडा अध्यक्ष | श्री मन तिरुवा | |
| वडा अध्यक्ष | श्री कर्ण फर्साल | |
| वडा अध्यक्ष | श्री कपुर महतारा | |
| वडा अध्यक्ष | श्री मनिराज बराल | |
| वडा अध्यक्ष | श्री धन बहादुर धामी | |
| कार्यपालिका सदस्य | श्री भैरे तिरुवा | |
| " | श्री दंगली सार्की | |
| " | श्री तारा वि क | |
| " | श्री भैपुरा बम शाही | |
| " | श्री रत्ना देवी न्यौपाने | |
| " | श्री उमा योगी | |
| " | श्री पुनम बम शाही | |
| " | श्री गोविन्द्रा सुनार | |
| सदस्य सचिव | श्री जवान सिंह बम | |

निर्णय नं.१ माथि छलफल गर्दा यस रास्कोट नगरपालिकाको कार्यालय प्रयोजनको लागि मिति २०८०/०६/३० गतेको कार्यपालिकाको निर्णय अनुसार मिति २०८० साल कार्तिक महिना देखि मासिक रुपमा गाडीबहालमा लिने गरि गाडी नं. कर्णाली प्रदेश ०२००१ च ०७८८ का गाडीधनि सुदिस्ना कुमारी वमका श्रीमान श्री अलि बहादुर शाही संग गरिएको सम्झौता मिति २०८१ साल श्रावण १ गतेदेखि सम्झौता रद्द गरि अब उपरान्त यस कार्यलयको प्रयोजनका लागि आवश्यकता अनुसार उपलब्ध गाडी भाडामा लिई प्रयोग गर्ने निर्णय गरियो ।

निर्णय नं.२ माथि छलफल गर्दा आ.व २०८०/०८१ को वित्तीय प्रगति माथि समिक्षा, वार्षिक बजेट कार्यान्वयनमा देखिएका समस्या र चुनौतीहरु माथि पृष्ठपोषण गरि आगामी आ.व.को वजेट कार्यान्यवनलाई थप प्रभावकारी बनाउन सम्पुर्ण वडा कार्यालय तथा बजेट कार्यान्वयन गर्ने अन्य कार्यालय र सम्बन्धित शाखाहरुलाई आवश्यक निर्देशन दिने र पर्षिक स्वीकृत बजेट कार्यान्बय गर्ने निर्णय गरियो।

निर्णय नं.३ माथि छलफल गर्दा वडा कार्यालयहरुबाट प्रवाह हुने सेवाहरुलाई थप प्रभावकारी, पारदर्शिता र सेवामा आम नागरिकको पहुँच पुर्याउन वडा कार्यालयहरुलाई व्यबस्थित बनाउने र वडाबाट प्रवाह हुने सेवाहरुलाई अनलाईन प्रणालीको उचित व्यवस्थापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ माथि छलफल गर्दा यस रास्कोट नगरपालिकाको चालु आ.व. २०८१/०८२ को आयोजना/कार्यक्रमको बार्षिक कार्यान्बयन कार्ययोजना तालिका स्वीकृत गर्ने निर्णय गरियो ।